प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
प्रदेश नं. १ धनकुटा
योजना तथा कार्यक्रम शाखा

पत्र संख्याः
चलानी नं.
धनकुटा, नेपाल

**सामुदायिक सिकाइ केन्द्र तथा सार्वजनिक पुस्तकालय सुदृढीकरण अनुदान कार्यक्रमका लागि**

## सम्झौता-पत्र

प्रदेश सरकार, शिक्षा विकास निर्देशनालय, प्रदेश नं. १, धनकुटा (जसलाई यस सम्झौतामा यसपछि पहिलो पक्ष भनिनेछ) र ………. … …….. जिल्ला ……… ….. …… ……. गा.पा./न.पा.मा वडा नं ……. मा सञ्चालित ………………… … …… …… ….. ….. …. …. ……… सासिके/सार्वजनिक पुस्तकालय (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) बीच सामुदायिक सिकाइ केन्द्र तथा सार्वजनिक पुस्तकालय सुदृढीकरण अनुदान कार्यक्रम आर्थिक बर्ष २०७८/०७९ भित्र निम्नानुसारका शर्तका अधिनमा रही सम्पन्न गर्न मिति २०७८/ ०७ / गते यो सम्झौता सम्पन्न भयो ।

**पहिलो पक्षले पालना गर्नुपर्ने शर्तहरु:**

1. सामुदायिक सिकाइ केन्द्र तथा सार्वजनिक पुस्तकालय सुदृढीकरण अनुदान कार्यक्रमका लागि दोस्रो पक्षले पेश गरेको प्रस्तावपत्र सहितका कागजात अध्ययन गरी औचित्यताका आधारमा कार्यक्रम स्वीकृत गर्ने ।
2. सामुदायिक सिकाइ केन्द्र तथा सार्वजनिक पुस्तकालय सुदृढीकरण अनुदानका लागि विनियोजित कूल रकम रु. …… …….. …. (अक्षेरेपि ……… …… …….. ……….) को ८० प्रतिशतले हुने रकम दोस्रो पक्षको बैंक खातामा निकासा दिने ।
3. कार्यक्रम सञ्चालनका क्रममा सामाजिक विकास मन्त्रालय र निर्देशनालयबाट अनुगमन गर्ने ।
4. दोस्रो पक्षले कार्यक्रम सम्पन्न गरी सञ्चालक समितिको निर्णय र निर्माणसँग सम्वन्धित कार्यको हकमा सम्वन्धित स्थानीय तहमा कार्यरत प्राविधिकबाट प्रमाणित मूल्याङ्कन सहित कार्य सम्पन्नताको प्रतिवेदन पहिलो पक्षलाई पेश गरेपछि बाँकी २० प्रतिशत रकम दोस्रो पक्षको बैंक खातामा निकासा दिने ।
5. दोस्रो पक्षले शर्तका अधिनमा रही तोकिएको समयमा कार्य नगरेमा निकासा भएको रकम रोक्का राख्ने तथा कार्य सम्पन्न नगरी हिनामिना गरेमा प्रचलित कानून बमोजिम असुल उपर गर्ने ।
6. …. … ….. …… ….. …. … बैंक ….. …… …… ……… … शाखामा सासिके/पुस्तकालयको नाममा रहेको चल्ती हिसाव नं …….. …… ……. ……. ……. …… ……. मा रकम निकासा गर्ने ।

**दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु:**

1. सामुदायिक सिकाइ केन्द्र तथा सार्वजनिक पुस्तकालय सुदृढीकरण अनुदानका लागि पेश भएको प्रस्तावना अनुसारको कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी सासिके/पुस्तकालयको हुनेछ ।
2. सम्वन्धित व्यवस्थापन समितिले कार्य शुरुआत गर्दा, बीचमा र कार्य सम्पन्न पश्चात समेत कार्य प्रगतिको मूल्याङ्कन गरी बैठक बसी प्रस्ताव गरिएअनुसार कार्य भएको सुनिश्चित गर्नु पर्नेछ ।
3. सामुदायिक सिकाइ केन्द्र तथा सार्वजनिक पुस्तकालय सुदृढीकरण अनुदानका कार्यमा मितब्ययिता, पारदर्शिता तथा जवाफदेहिता बहन गर्दै प्रचलित कानून तथा आर्थिक ऐन नियम अनुसार सेवा तथा सामग्री खरिद तथा ब्यवस्थापन गर्नु पर्नेछ ।
4. सामान खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा सामाजिक विकास मन्त्रालयबाट प्राप्त Specification अनुसार गर्नुपर्नेछ ।
5. खरीद गरिएका सामग्री तथा उपकरणहरुलाई जिन्सी खातामा आम्दानी बाँधी सोको प्रमाणित प्रतिलिपि तथा दाखिला प्रतिवेदन पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।
6. प्रस्तावपत्रमा तोकिएबमोजिमको सम्पूर्ण कार्य दोस्रो पक्षले यसै आर्थिक बर्षको जेष्ठ २० गते भित्र सम्पन्न गर्नुपर्नेछ ।

पत्र संख्याः
चलानी नं.

धनकुटा, नेपाल

७. कार्य सम्पन्न गरेपछि सम्वन्धित संस्थाको निर्णय, प्राविधिकबाट प्रमाणित मूल्याङ्कन सहित कार्यसम्पन्नताको प्रतिवेदन, कार्यक्रमका सम्पूर्ण विवरण सहितको विल भर्पाइ, नियमानुसार कर दाखिला गरेको भौचर तथा अन्य सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपी पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।

## सम्झौता गर्ने व्यक्तिहरु

| पहिलो पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| निर्देशकको हस्ताक्षर : | उपसचिव/शा.अ.को हस्ताक्षर : | परिचालक/पुस्तकाध्यक्षको हस्ताक्षरः |
| नाम थर :- | नाम थर :- | नाम थर :- |
| कार्यालय : शिक्षा विकास निर्देशनालय | कार्यालय : शिक्षा विकास निर्देशनालय | ब्य.स. अध्यक्षको हस्ताक्षर : |
| प्रदेश नं १ धनकुटा | प्रदेश नं १ धनकुटा | नाम थर :- |
| | | मिति : |

मिति : २०७८।०८।

कार्यालयको छापः

सासिके/पुस्तकालयको छाप